पैंयूँ गाउँपालिका

गाउँ कार्यपालिका बैठक

सम्वत् २०८१।०२।१५ गते                                                                 आ.ब. २०८०/८१ बैठक क्र.सं.१४

आज मिति २०८१।०२।१५ गते पैंयू गाउँपालिकाका अध्यक्ष एवम् गाउँकार्यपालिकाका अध्यक्ष श्री तोरण मल्ल ठकुरी ज्यूको अध्यक्षतामा देहाय बमोजिम सदस्यहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी देहाय बमोजिम निर्णय गरियो ।

| सि.नं. | नाम | पद | | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|
| १ | श्री तोरण मल्ल ठकुरी | अध्यक्ष | अध्यक्ष | | |
| २ | श्री याम कुमारी राना | उपाध्यक्ष | सदस्य | | |
| ३ | श्री मिन प्रसाद न्यौपाने | १ नं. वडा अध्यक्ष | सदस्य | | |
| ४ | श्री नरभूपाल काफ्ले | २ नं. वडा अध्यक्ष | सदस्य | | |
| ५ | श्री हिमलाल भट्टराई | ३ नं. का.वा वडा अध्यक्ष | सदस्य | | |
| ६ | श्री टुकलाल न्यौपाने | ४ नं. वडा अध्यक्ष | सदस्य | | |
| ७ | श्री नारायण भुर्तेल | ५ नं. वडा अध्यक्ष | सदस्य | | |
| ८ | श्री गंगाधर अधिकारी | ६ नं. वडा अध्यक्ष | सदस्य | | |
| ९ | श्री तोयनाथ शर्मा | ७ नं. वडा अध्यक्ष | सदस्य | | |
| १० | श्री मिठु क्षेत्री | ३ नं. वडा महिला सदस्य | सदस्य | | |
| ११ | श्री चन्द्रकला न्यौपाने | ६ नं. वडा महिला सदस्य | सदस्य | | |
| १२ | श्री सर्मिला नेपाली | ४ नं.वडा दलित महिला सदस्य | सदस्य | | |
| १३ | श्री उमादेवी बि.क. | ५ नं.वडा दलित महिला सदस्य | सदस्य | | |
| १४ | श्री फूलमाया सुनार | दलित सदस्य | सदस्य | | |
| १५ | श्री बविता हिताङ | दलित सदस्य | सदस्य | | |
| १६ | श्री राजीव रिमाल | प्रमुख प्रशासकीय अधिकृत | सचिव | | |
| १७ | सरिता डुम्रे | लेखा अधिकृत | अन्य उपस्थिति | | |
| १८ | | | अन्य उपस्थिति | | |

पैंयूँ गाउँपालिका

गाउँ कार्यपालिका वैठक

सम्वत् २०८१।०२।१५ गते | आ.ब. २०८०/८१ बैठक क्र.सं.१४

**निर्णयहरु :**

१. आ.व २०८१/८२ को बजेट तथा नीति तथा कार्यक्रम निर्माण गर्ने सन्दर्भमा तपसिल बमोजिम सुझाव संकलन तथा बृहत छलफल कार्यक्रम आयोजना गर्ने निर्णय गरियो

- कार्यपालिका सदस्य र गाउँपालिकाका सम्पूर्ण शाखाहरु संग समीक्षात्मक बैठक — जेष्ठ १८ गते शुक्रबार ।
- राजनीतिक दलका प्रमुख, पुर्व जनप्रतिनिधिहरु ,संघ संस्थाका प्रतिनिधि एवम सरोकारवाला हरु संगको सुझाव संकलन कार्यक्रम — जेष्ठ १९ गते शनिवार ।
- व्यावसायिक कृषक, कृषक समुह, पशुपालक कृषक, लघु उद्धमी, स्वरोजगार सरोकारवालाहरु संगको छलफल — जेष्ठ २६ गते शनिबार ।
- सम्पूर्ण जनप्रतिनिधिहरु संगको छलफल कार्यक्रम- जेष्ठ ३२ गते शुक्रबार ।

२. आगामी आ.व २०८१/८२ मा कार्यालय संचालनका लागि आवश्यक बिभिन्न ऐन, कार्यविधी तथा नियमावलीहरुको आवश्यकता पहिचान गरी निर्माण गर्ने निर्णय गरियो ।

३. गाउँपालिकाको आ.व २०८०/०८१ को वार्षिक स्वीकृत कार्यक्रम (सशर्त तर्फ) अन्तर्गत भैसी प्रवर्दन कार्यक्रम कार्यान्वयनका लागी मिति २०८१/०२/०२ को प्रकाशित सूचना वमोजिम पेश हुन आएका तपसिलका प्रस्तावहरु स्वीकृत गरी तपसिल वमोजिमको संङ्ख्यामा भैंसी खरिदका लागी सम्वन्धित फर्मले खरिद गरेको विल भर्पाई र पशु सेवा शाखाको प्राविधिक प्रतिवेदनको आधारमा अधिकतम मुल्यमा नवढ्ने गरि ५० प्रतिशत अनुदान सम्वन्धित कृषि फार्मको बैक खातामा अनुदान स्वरुप उपलब्ध गराउने निर्णय गरियो।

| क्र.स | दर्ता नं | पत्रको मिति | दर्ता मिति | फार्मको नाम | सञ्चालकको नाम | भैसी खरिद गर्ने सिमा (संख्यामा) |
|---|---|---|---|---|---|---|
| १ | ०१ | २०८१/०१/२५ | २०८१/०१/२५ | न्यौपाने दुग्ध डेरी | विष्णु न्यौपाने | १ वटा |
| २ | ०२ | २०८१०२/०८ | २०८१०२/०८ | बहुउद्देशिय मणीचन्द्र कृषि तथा पशु फर्म | चोकलाल तिवारी | १ वटा |
| ३ | ०३ | २०८१/०२/०७ | २०८१/०२/०७ | तिवारी कृषि तथा पशुपंछी फर्म | खगेन्द्र प्रसाद तिवारी | १ वटा |
| ४ | ०४ | २०८१/०१/३० | २०८१/०१/२५ | सविना पशुपन्छी फर्म | चोभा तिवारी | १ वटा |
| ५ | ०५ | २०८१/०२/०३ | २०८१/०२/०३ | श्री अधिकारी कृषि तथा पशु फर्म | मोहनीलाल अधिकारी | १ वटा |
| ६ | ०६ | २०८१/०२/०८ | २०८१/०२/०८ | तिवारी भैसी पालन फर्म | शिवलाल तिवारी | १ वटा |

पैयूँ गाउँपालिका

गाउँ कार्यपालिका बैठक

सम्वत् २०८१।०२।१५ गते　　　　　　　　　　आ.ब. २०८०/८१ बैठक क्र.सं.१४

४. आ.व २०८०/८१ मा स्वीकृत आगलागीजन्य विपद प्रभावित निजि आवास पुनस्थापना अनुदान वितरण कार्यक्रम अन्तर्गत छनौट भएका लाभग्राहीहरुको आगलागीजन्य विपद प्रभावित निजि आवास पुननिर्माण तथा पुनस्थापना अनुदान कार्यविधि, २०७८ को दफा ५ बमोजिम गाउँपालिकाले व्यहोर्नुपर्ने १० प्रतिशत लागत सहभागिता अन्तर्गतको रकम विपद व्यवस्थापन शिर्षकबाट व्यहोर्ने निर्णय गरियो ।

५. आगामी आ.व २०८१/८२ का लागि वडा स्तरीय योजना तथा कार्यक्रमहरु संचालन गर्ने सन्दर्भमा तपसिल बमोजिमका मार्गनिर्देशक सिद्धान्त र प्राथमिकता को आधारमा बस्तिस्तरबाट योजना छनौट गरि सम्पूर्ण वडाहरुबाट योजना संकलन गरि आगामी कार्यपालिका बैठकमा पेश गर्न निर्णय गरियो ।

**मार्गनिर्देशक सिद्धान्त**

- **गाउँपालिकाको स्रोत र साधनको कुशलताम उपयोग र समन्यायिक वितरण मार्फत समृद्ध पैयूँ निर्माणको आधार कृषि, प्रविधि र पूर्वाधारको दीर्घकालीन सोच पुरा गर्ने आधार निर्माण गर्ने ।**

**प्राथमिकता**

- आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुर्याउने,
- उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने,
- विपद व्यवस्थापन र प्रकोप नियन्त्रणमा सहयोग पुर्याउने
- जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने,
- स्थानीय सहभागिता जुट्ने, स्वयम् सेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने,
- स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने,
- महिला, बालवालिका तथा पिछडिएका क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने,
- लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिबृद्धि हुने,
- दीगो विकास, वातावरणीय संरक्षण तथा सम्बर्दन गर्न सघाउ पुर्याउने,
- भाषिक तथा साँस्कृतिक पक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकता अभिवृद्धिमा सघाउ पुर्याउने,